**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री वासुदेव खनाल**

**फैसला**

२०७९/०८० सालको निर्णय नं.३३३

पुनरावेदन नं. ०७५-RB-०१९८

पुनरावेदन दर्ता मितिः २०७५।०९।२४

**मुद्दाः- मूल्य अभिवृद्धि कर (२०७१/०७२)।**

| | |
|---|---|
| सुनसरी जिल्ला सोनापुर वडा नं. २ स्थित पशुपति आईरन एण्ड स्टिल प्रा.लि. (स्थायी लेखा नं. ३०००१६१४५) को तर्फबाट अख्तियार प्राप्त ऐ.कम्पनीको संचालक अशोक कुमार मुरारका..........................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.......................................१<br>श्री आन्तरिक राजस्व विभाग लाजिमपाट, काठमाण्डौं.....................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री शोभाकान्त पौडेल

शुरु कार्यालयको निर्णय मितिः-२०७३।०८।२४

**प्रशासकीय पुनरावलोकन निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौं

निर्णय गर्ने अधिकारीः महानिर्देशक विष्णुप्रसाद नेपाल

निर्णय मितिः २०७५।०५।२२

**उपस्थित कानून व्यवसायीहरुः**

पुनरावेदकबाटः विद्वान अधिवक्ताद्वय श्री रमण कुमार कर्ण र श्री प्रेरणा उप्रेती

प्रत्यार्थी तर्फबाटः विद्वान सहायक-न्यायाधिवक्ता श्री संगीता थोकर

**अवलम्वित नजीरः ×**

ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०७३।०८।२४ मा भएको मूल्य अभिबृद्धि कर तर्फ अन्तिम कर निर्धारणको निर्णय तथा उक्त निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०५।२२ मा भएको निर्णय समेत उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री पशुपति आईरन एण्ड स्टिल प्रा.लि. (स्थायी लेखा नं.३०००१६१४५) को आर्थिक वर्ष २०७१/०७२ को विस्तृत कर परीक्षण भै पेश भएको विस्तृत प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम कर तथा जरिवाना, थप दस्तुर र ब्याज समेत जम्मा रू.९५,६०,६४१।- को प्रारम्भिक कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३।०७।३० मा जारी भएको आदेश।

२. ठूला करदाता कार्यालयवाट मिति २०७३।०७।३० मा जारी भएको सूचना करदाताले मिति २०७३।०८।०१ मा बुझि लिई सो सम्बन्धमा करदाताले मिति २०७३।०८।१४ मा जवाफ पेश गरेको।

३. यसमा प्रारम्भिक कर निर्धारण आदेश अनुसारको कर, जरिवाना, थप दस्तुर र व्याज समेतको जम्मा रकम रु. ९५,६०,६४१।०० (अक्षेरुपी पन्चानव्वे लाख साठी हजार छ सय एकचालिस रुपैया मात्र) मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(घ) बमोजिम कर निर्धारण गर्ने र उक्त आदेशको मिति भन्दा पछिको लागि मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९ र २६ बमोजिम लाग्ने थप दस्तुर र व्याज समेत असुल गर्ने गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्नु भन्ने ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३।०८।२४ मा भएको निर्णय पर्चा।

४. यसमा करदाताले कर रकम रू. ९५,६०,६४१।— तिर्नु पर्ने देखिन आएकोले उक्त रकम यो आदेश जारी भएको मितिले १५ दिन भित्र नेपाल सरकारको सर्वसञ्चित कोषमा दाखिला हुने गरी पुल्चोक ललितपुर स्थित एभरेष्ट बैक लि. बैक/नगद दाखिला गर्नु होला भन्ने मिति २०७३।०८।२४ मा ठूला करदाता कार्यालयबाट करदाताको नाममा जारी भएको सूचना।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७३।०८।२४ मा जारी गरेको आ.व. २०७१/०७२ को मूल्य अभिवृद्धि करतर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी पुनरावेदक करदाता श्री पशुपति आईरन एण्ड स्टिल प्रा.लि.

(स्थायी लेखा नं.३०००१६१४५) ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३।०९।२१ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताले रु. ३५,०८,०४५।७० लागत परेको वस्तुलाई रु. ३१,६५,५५०।— मा विक्री गरेको देखिएको र उद्योगले लागत मूल्य भन्दा घटीमा व्यापारिक वस्तुको विक्री गरेको सम्बन्धमा कुनै प्रमाण, आधार र कारण पेश गर्न नसकेको हुँदा उद्योगको औषत कुल नाफा दर को हिसाबले कर, जरिवाना, थप दस्तुर र व्याज समेतको जम्मा रकम रु. ९५,६०,६४१।०० (अक्षेरुपी पन्चानव्वे लाख साठी हजार छ सय एकचालिस रुपैया मात्र) कर निर्धारण गरी ऐ.ऐनको दफा २९ मा उल्लिखित कसुर गरेकाले सोही बमोजिम जरिवाना हुने,दफा १९(२) ले म्यादभित्र कर नबुझाएमा र दफा २६ ले बुझाउनु पर्ने कुनै रकम म्यादभित्र दाखिला नगरेमा त्यस्तो म्याद नाघेको मितिदेखि बुझाउन बाँकी रकममा ब्याज लाग्ने उल्लेख रहेकोले सोही बमोजिम निर्धारित कर रकममा जरिवाना, व्याज तथा थप दस्तुर लाग्ने नै हुँदा कार्यालयबाट भएको निर्णय मिलेकै ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०५।२२ मा भएको निर्णय ।

७. Reverse VAT ढिला दाखिला भएको, थप दस्तुर र व्याज गणना गरेको ,Scrap Sales मा अन्तः शुल्क नउठाएको सम्वन्धमा,औषत मूल्य भन्दा न्यून मूल्यमा विक्रि गरेको, जरिवाना, व्याज तथा थप दस्तुर लगायत अनावश्यक कर भार लगाउने गरी भएको निर्णय त्रुटिपूर्ण रहेको हुँदा उक्त व्याज जरिवाना नलाग्ने गरी शुरू कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश र सो आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय बदर गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०७५।०९।२४ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।०३।०१ मा भएको आदेश।

९. प्रस्तुत मुद्दा र लगाउमा पेश भएका मुद्दा समेत चार वर्ष पुरानो रहेको र करदाताको तर्फबाट अन्य कानून व्यवसायीहरु समेत मुकरर भएको देखिँदा अर्को पेशीमा सुनुवाईको सुनिश्चितताको लागि सवै मुद्दामा पुनरावेदक र प्रत्यर्थी दुवै पक्षबाट १५ दिन भित्र लिखित वहसनोट पेश गर्न वारिस मार्फत सूचना दिई नियमानुसार पेश गर्नु भन्ने व्यहोराको मिति २०७९।११।२८ गतेको यस न्यायाधिकरणबाट भएको आदेश।

१०. यसमा यस न्यायाधिकरणको मिति २०७९।११।२८ को आदेशानुसार पुनरावेदकको तर्फबाट विद्वान अधिवक्ता श्री प्रेरणा उप्रेतीले मिति २०७९।१२।१२ मा र

प्रत्यर्थीका तर्फबाट विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले मिति २०८०।१।३ का दिन लिखित बहसनोट पेश गर्नु भएको।

<u>**ठहर खण्ड**</u>

११. नियम बमोजिम पेशी सूचीमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता श्री पशुपति आइरन एण्ड स्टिल प्रा.लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री रमण कुमार कर्णले मूल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरू कार्यालयबाट भएको अन्तिम कर निर्धारणको आदेश तथा सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागले गरेको निर्णय समेत कानून सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१२. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फबाट पेश भएको लिखित बहसनोट एवं बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेश र उक्त आदेशलाई सदर गर्ने गरी मिति २०७५।०५।२२ मा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन ? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१३. निर्णय तर्फ बिचार गर्दा करदाताको पहिलो जिकिर Reverse VAT ढिला दाखिला भएकोमा थप दस्तुर र व्याज गणना गरेको निर्णय त्रुटीपूर्ण छ भन्ने देखिन्छ। करदाताले कर अवधि २०७१ चैत्र मा दाखिल गर्नुपर्ने गत आ.ब.को Reverse VAT रकम रु.४,४२,०००।- ढिलो दाखिल गरेको तथ्यलाई अन्यथा प्रमाणित गरेको पाइएन।मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १९(२) मा "करदाताले उपदफा (१) मा उल्लिखित म्यादभित्र बुझाउनु पर्ने कर नबुझाएमा बाँकी रहेको कर रकममा बार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्नेछ।" भन्ने र दफा २६ (१) मा "यस ऐन बमोजिम बुझाउनु पर्ने कुनै रकम म्यादभित्र दाखिला नगरेमा त्यस्तो म्याद नाघेको मितिले बुझाउन बाँकी रकममा ब्याज लाग्नेछ। त्यस्तो ब्याज दफा ३१क. बमोजिम प्रशासकीय पुनरावलोकन र दफा ३२ बमोजिम पुनरावेदनको लागि दिएको निवेदन दिएको अवस्थामा पनि गणना गरिनेछ" भन्ने र उपदफा (२) मा "उपदफा (१) को प्रयोजनको लागि ब्याजको दर बार्षिक पन्ध्र प्रतिशत हुनेछ।" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। यसरी कानूनले निर्धारण गरेको म्याद भित्र दाखिल नगरेको Reverse VAT वापतको रु.४,४२,०००।- को २०७१ श्रावण देखि २०७१ चैत्रसम्म ९ महिनाको मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १९(१) बमोजिमको थप

दस्तुर र दफा २६(१) बमोजिमको ब्याज गणना गर्नुपर्ने भन्ने निर्णय कानूनसम्मत देखियो।

१४. करदाताको दोस्रो पुनरावेदन जिकिर हेर्दा, Scrap Sales मा अन्तःशुल्क नउठाएकोमा पछि हिसाब गरेको अन्तःशुल्कको हुने मूल्य अभिबृद्धि कर मिति २०७२।०५।०४ मा बैक दाखिला गरेको तर मुल्य अभिबृद्धि करमा डेबिट गरेको नदेखिंदा सो रू.१५०,०३८।०० र ब्याज रू.२२,५०६।०० लाई मूल्य अभिबृद्धि कर ऐन, २०५२ दफा २० (१) (घ) अनुसार कर निर्धारण गरी दायित्व सृजना गरिएको त्रुटीपूर्ण भन्ने देखिएको छ। मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (१) को खण्ड (घ) मा करको रकम कम देखाएको वा ठीक नभएको भन्ने कर अधिकृतलाई विश्वास गर्नुपर्ने कारण भएमा कर निर्धारण गर्न सक्ने कानुनी व्यवस्था देखिन्छ। यी करदाताले Scrap Sales मा तिर्नुपर्ने अन्तःशुल्कको मूल्य अभिबृद्धि कर र सोको ब्याज समेत रु.१,७२,५४४।— मिति २०७२।०५।०४ मा मात्र बैंक दाखिला गरेको र मूल्य अभिबृद्धि कर विवरणमा डेबिट नगरेको तथ्यलाई स्वीकारै गरेको देखिन्छ। यस अवस्थामा करदाताको हकमा ऐनको दफा २० (१) को खण्ड (घ) आकर्षित हुने नै देखिंदा प्रणालीमा समायोजन गर्नको लागि ठूला करदाता कार्यालयबाट भएको निर्णय र सोही निर्णय सदर गरेको विभागको निर्णय समेत मिलेकै देखिंयो।

१५. करदाताको पुनरावेदन पत्रमा लिएको तेस्रो जिकीरमा TMT Bars A  र B को औषत बिक्री मूल्य भन्दा TMT Cut Rolls  को औषत बिक्री मूल्य कम देखाएको भनी मूल्य अभिबृद्धि कर निर्धारण गरेको निर्णय तथा चौथो जिकीरमा कच्चा पदार्थ र कोल बिक्री गर्दा रु.५,१४,७४०।७४ को बिक्री लुकाएको भनी त्यसमा मूल्य अभिबृद्धि कर निर्धारण गरेको निर्णय नमिलेको भनी जिकीर लिएको देखियो। यही प्रश्न समेत समावेश रहेको यसै आ.व. को यिनै करदाताले दायर गरेको लगाउको ०७५-RB-०१९७ नम्बरको आयकर मुद्दामा यी शीर्षकमा भएको संशोधित कर निर्धारण आदेश सदर हुने ठहरी आज यसै ईजलासबाट निर्णय भईसकेको हुँदा सोही आधारमा उक्त शीर्षकमा मूल्य अभिबृद्धि कर निर्धारण गरेको निर्णय समेत कानुन सम्मत देखिंदा यस सम्बन्धमा थप विवेचना गरिरहनु परेन ।

१६. तसर्थ माथी उल्लिखित आधार र कारणबाट करदाता पशुपति आइरन एण्ड स्टील प्रा.लि. (स्थायी लेखा नं.३०००१६१४५) को आ.व. २०७१।०७२ को ठूला करदाता कार्यालयबाट मिति  २०७३।०८।२४ मा मूल्य अभिवृद्धि कर तर्फ अन्तिम कर निर्धारण गरी भएको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०५।२२ मा भएको निर्णय समेत मिलेकै देखिंदा सदर हुने ठहर्छ।करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन।अरु तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौलाई दिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालयमा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलास अधिकृतः-श्री खेमकुमारी बस्नेत
कम्प्यूटर टाइपः-श्री अशोक विश्वकर्मा
इति सम्वत २०८० साल बैशाख महिना ३ गते रोज १ शुभम्.........................।
प्रमाणिकरण गर्ने सदस्यः -
फैसला प्रमाणित मिति: - राजस्व न्यायाधिकरण काठमाडौंको छाप